**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- प्रधान मन्त्री नरेन्द्र मोदी आज आन्ध्र प्रदेशको भ्रमणमा जानुहुनेछ । उहाँले कुर्नूलमा लगभग 13 हजार 430 करोड रुपियाँ लागतको बहु विकास परियोजनाहरूको उद्घाटन, शिलान्यास र लोकार्पण गर्नुहुनेछ।

- गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा केन्द्रीय अन्वेषण ब्युरो सी.बी.आई. को सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

- बिहार विधानसभा चुनावको गतिविधि तीव्र भएको छ। भारतीय जनता पार्टीले बिहार विधानसभा चुनावका लागि १८ उम्मेदवारको तेस्रो सूची सार्वजनिक गरेको छ।

- श्रीलङ्काका प्रधानमन्त्री डा. हरिनी अमरसुरिया आज भारतको तीन दिवशीय भ्रमणमा आउनुहुनेछ।

- रक्षामन्त्री राजनाथ सिंहले भारत र ब्राजिलले पारस्परिक सम्मान र साझा मूल्यमान्यतामा आधारित रणनीतिक साझेदारीको आनन्द लिइरहेको बताउनु भएको छ ।

- उत्तर रेलवेले यस वर्ष दीपावली र छठ पर्वको समयमा चाडपर्वको माग पूरा गर्न एक हजार अतिरिक्त विशेष रेलहरू सञ्चालन गर्दैछ।

**<u>प्रधान मन्त्री नरेन्द्र मोदी-आन्ध्र प्रदेश भ्रमणमा</u>**

प्रधान मन्त्री नरेन्द्र मोदी आज आन्ध्र प्रदेशको भ्रमणमा जानुहुनेछ । भ्रमणको क्रममा उहाँले नन्दयाल जिल्लाको श्रीशैलमस्थित श्री भ्रमरम्बा मल्लिकार्जुन स्वामी वरला देवस्थानममा पूजा तथा दर्शन गर्नुहुनेछ । उहाँले श्रीशैलममा श्री शिवाजी समृद्धि केन्द्रको पनि भ्रमण गर्नुहुनेछ। प्रधान मन्त्री श्री मोदीले दिउँसो कुर्नूलमा लगभग 13 हजार 430 करोड रुपियाँ लागतको बहुविध विकास परियोजनाहरूको उद्घाटन, शिलान्यास र लोकार्पण गर्नुहुनेछ। यी परियोजनाहरू उद्योग, बिजुली प्रसारण, सडक, रेलवे, रक्षा निर्माण, र पेट्रोलियम र प्राकृतिक ग्याँस सहित प्रमुख क्षेत्रहरूमा फैलिएका छन्, जसले क्षेत्रीय पूर्वाधार बढाउने, औद्योगिकीकरणलाई गति दिने र राज्यमा समावेशी सामाजिक-आर्थिक विकासलाई अगाडि बढाउने सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। श्री मोदीले यस अवसरमा एक जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ।

**<u>गृहमंत्री अमित शाह - दिल्ली -सीबीआई सम्मेलन</u>**

गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा केन्द्रीय अन्वेषण ब्युरो (सीबीआई) को सम्मेलनको उद्घाटन गर्नुहुनेछ। दुई दिनसम्म चल्ने यस सम्मेलनको बिषय 'भगौडाहरुको **प्रत्यर्पण** –चुनौती र **कार्यनीति**' रहेको छ । सम्मेलनमा केन्द्र र राज्य सरकारका वरिष्ठ पुलिस अधिकारीहरूले भाग लिनेछन् ।सम्मेलनमा अपराधीको ठेकाना पत्ता लगाउने र उनीहरुलाई फर्काउने रणनीतिबारे चर्चा हुनेछ । सम्मेलनमा विदेशबाट सहयोग प्राप्त गर्न सबै तौरतरिकाको प्रभावकारी प्रयोग, भगौडा अपराधीहरु पत्ता लगाउन तकनीक को प्रयोग र प्रत्यर्पण का लागि व्यवस्थित रणनीति बिकास गर्ने विषयमा चर्चा हुने गृह मन्त्रालयले जनाएको छ । सम्मेलनमा विदेश मन्त्रालयका अधिकारीहरुले भाग लिनेछन् ।

**<u>बिहार विधानसभा चुनाव- प्रधानमन्त्री</u>**

बिहार विधानसभा चुनावको गतिविधि तीव्र भएको छ। प्रधानमन्त्री तथा वरिष्ठ भाजपा नेता नरेन्द्र मोदीले हिज राज्यमा आफ्नो अभियान शुरु गर्नुभयो। उहाँले "मेरा बुथ सबसे मजबुत" अभियान अन्तर्गत पार्टी कार्यकर्ताहरूसँग अन्तरक्रिया गर्नुभयो। श्री मोदीले सबै बुथ कार्यकर्ताहरूलाई आफ्नो क्षेत्रका प्रत्येक परिवारलाई सरकारी योजनाहरूको फाइदाको बारेमा जानकारी गराउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो कि यस पटक राज्यका जनताले दोहोरो दिवाली मनाउनेछन्।

1-byte **प्रधानमन्त्री**

**भारतीय जनता पार्टी - बिहार विधानसभा चुनाव - 18 उम्मीदवार**

भारतीय जनता पार्टीले बिहार विधानसभा चुनावका लागि १८ उम्मेदवारको तेस्रो सूची सार्वजनिक गरेको छ । पार्टीले नरकटियागञ्जबाट सञ्जय पाण्डे, चनपटियाबाट उमाकान्त सिंह र चिरैयाबाट लालबाबु प्रसाद गुप्तालाई उम्मेदवार बनाएको छ । कोचाधमन सिटबाट बिना देवी, राघोपुरबाट सतीशकुमार यादव र पिरपैंतीबाट मुरारी पासवानले चुनाउ लड्ने छन् । यो सूचीसँगै पार्टीले आफ्नो खातामा रहेका सबै १०१ सिटका लागि उम्मेदवारको घोषणा गरेको छ ।

**गृहमन्त्री अमित शाह - राष्ट्रमण्डल**

गृहमन्त्री अमित शाहले अहमदाबादमा बर्ष २०३० को राष्ट्रमण्डल खेल आयोजना गर्ने भारतको प्रस्तावलाई अनुमोदन गरेकोमा देशवासीलाई बधाई दिनुभएको छ । श्री शाहले यो भारतलाई विश्व खेल नक्सामा राख्न प्रधानमन्त्री नरेन्द्र मोदीको अथक प्रयासको ठूलो समर्थन भएको बताउनु भएको छ I

2-Byte- गृहमन्त्री

**श्रीलङ्काका प्रधानमन्त्री- भारत भ्रमण**

श्रीलङ्काका प्रधानमन्त्री डा. हरिनी अमरसुरिया आज भारतको तीन दिवशीय भ्रमणमा आउनुहुनेछ । पद बहाली पछि उहाँको यो पहिलो भारत भ्रमण हो । भ्रमणको क्रममा श्रीलङ्काका प्रधान मन्त्री अमरसुरियाले आपसी हितका द्विपक्षीय मुद्दाहरूमा बैठक गर्न भारतीय राजनीतिक नेताहरूसँग भेट गर्नुहुनेछ। विदेश मन्त्रालयले भनेको छ, डा. अमरसुरियाले दिल्लीमा एन.डी..टी.भी विश्व शिखर सम्मेलन र चिन्तन रिसर्च फाउन्डेसनमा मुख्य भाषण दिनुहुनेछ। उहाँ दुई देशबीचको व्यापारिक सम्बन्ध सुदृढ गर्ने उद्देश्यले आयोजना हुने व्यापारिक कार्यक्रममा पनि भाग लिनुहुनेछ ।

**रक्षामन्त्री राजनाथ सिंह- साझा मूल्यमान्यतामा**

रक्षामन्त्री राजनाथ सिंहले भारत र ब्राजिलले पारस्परिक सम्मान र साझा मूल्यमान्यतामा आधारित रणनीतिक साझेदारीको आनन्द लिइरहेको बताउनु भएको छ । श्री सिंहले हिज नयाँ दिल्लीमा ब्राजिलका उपराष्ट्रपति गेराल्डो अल्कमिन र रक्षामन्त्री जोसे मुसियो मोन्टेइरो फिल्होसँग भेट गर्नुभयो। रक्षामन्त्रीले दुई देशबीचको साझेदारी विश्वव्यापी शान्ति प्रवर्द्धन र सार्वभौमसत्ता कायम राख्न महत्त्वपूर्ण रहेको बताउनु भयो।

3- **byte राजनाथ सिंह**

ब्राजिलका उपराष्ट्रपतिले दुई देशबीच विश्वास र साझेदारीको लामो समयदेखिको सम्बन्ध रहेको बताउनु भएको छ । उहाँले ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले अर्को वर्ष भारतको भ्रमण गर्ने जानकारी दिनुभएको छ ।

**केंद्रीय विदेश राज्य मंत्री कीर्ति वर्धन सिंह - गुटनिरपेक्ष आंदोलन -**

केन्द्रीय विदेश राज्य मन्त्री कीर्ति वर्धन सिंहले हिज कम्पालामा युगान्डाद्वारा अक्टोबर १५ र १६ मा आयोजना भईरहेको गुटनिरपेक्ष आंदोलनको १९ औँ मध्यावधि मन्त्रीस्तरीय बैठकको उद्घाटन समारोहमा भारतीय पक्षको नेतृत्व गर्नुभयो। श्री सिंहले द्विपक्षीय सम्बन्धबारे चर्चा गर्न मालीका विदेश मन्त्री अब्दुलाय डियोपसँग पनि बैठक गर्नुभयो। उहाँले सोमालियाका विदेश मन्त्री अली मोहम्मद ओमरसँग पनि भेट गर्नुहुदै द्विपक्षीय सहयोग विस्तारका बारेमा चर्चा गर्नुभयो । श्री कीर्ति वर्धन सिंह हिज

युगान्डा पुग्नुभएको छ। सोमबार भारतले कम्पालामा भएको १९औँ गुटनिरपेक्ष आन्दोलनको मध्यावधि मन्त्रीस्तरीय बैठकमा वरिष्ठ अधिकारीहरूले बैठकमा भाग लिदै असंलग्न गुटनिरपेक्ष आन्दोलनको युगान्डाको नेतृत्वप्रति समर्थन व्यक्त गरेको छ।

**केन्द्रीय वित्तमंत्री - उत्तर कर्नाटक - साझा सुविधा केन्द्र - शुभारंभ**

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले हिज उत्तर कर्नाटकको कोप्पल गाउँमा किसान प्रशिक्षण र साझा सुविधा केन्द्रको उद्घाटन गर्नुभयो। यस समारोहमा बोल्दै वित्त मन्त्रीले भन्नुभयो, केन्द्रले किसान उत्पादक सङ्गठनहरू र अन्यहरूलाई खाद्य प्रशोधनका साथै आधुनिक कृषि प्रविधिहरूमा सहयोग गर्नेछ।

**सरकार - नक्सलवाद - समाप्त - प्रतिबद्ध**

सरकारले नक्सलवादबाट सबैभन्दा अधिक प्रभावित जिल्लाहरूको संख्या ६ बाट घटेर तीन भएको बताएको छ। छत्तिसगढमा अब केवल बिजापुर, सुकमा र नारायणपुर मात्र वामपन्थी उग्रवादका सबैभन्दा धेर प्रभावित जिल्लाहरू हुन्। गृह मन्त्रालयले एक बयानमा भनेको छ, यो आकड़ा नरेन्द्र मोदी सरकारको नक्सल मुक्त भारतको संकल्पको दिशामा एक महत्त्वपूर्ण कदम हो।

**भारतीय नौ सेना -सेमिनार**

भारतीय नौसेनाले समुद्री क्षेत्रमा साइबर आक्रमणको प्रभाव र राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धमा यसको प्रभावबारे भोलि नयाँ दिल्लीमा एक सेमिनारको आयोजना गर्नेछ। सेमिनारको उद्देश्य समुद्री क्षेत्रमा साइबर खतराहरूको बुझाइलाई गहिरो बनाउनु र साइबर सुरक्षा बढाउन तथा राष्ट्रिय साइबर सुरक्षा स्थितिलाई सुदृढ पार्न प्रमुख हिताधारकहरूबीच सहयोग बढाउनु रहेको छ। उद्घाटन सत्रमा इलेक्ट्रोनिक्स तथा सूचना प्रोधौगिकी राज्यमन्त्री जितिन प्रसादले मुख्य भाषण दिने कार्यक्रम रहेको छ।

**उत्तर रेलवे - दिवाली - छठ पर्व - अतिरिक्त विशेष ट्रेन**

उत्तर रेलवेले यस वर्ष दीपावली र छठ पर्वको समयमा चाडपर्वको माग पूरा गर्न एक हजार अतिरिक्त विशेष रेलहरू सञ्चालन गर्दैछ। नयाँ दिल्लीमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै उत्तर रेलवेका महाप्रबन्धक अशोक कुमार वर्माले यस आशयको जानकारी दिनुभएको छ।

****** o ******